बैठक संख्या ६२

आज मिति २०७६ साल आषाढ २७ गते शुक्रबारका दिन अर्जुनधारा नगरपालिकाका प्रमुख श्री हरिकुमार राना ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका (बोर्ड ) मा देहाय बमोजिम उपस्थिती रह्यो। मिति: २०७६/०३/२७

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १५ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १६ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १७ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १९ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| २० | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २१ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २२ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| २३. | आमन्त्रित | श्री विष्णुकुमार शर्मा | प्रा.अ. | |
| | | | | |
| | | | | |

**बैठक संख्या ६२**

**मिति २०७६/०३/२७ गते बसेको बोर्ड बैठकको निर्णयहरु** **मिति: २०७६/०३/२७**

१.अर्जुनधारा नगरपालिका र संयुक्त अधिराज्य बेलायतको वोल्भरह्याम्पटन सिटि काउन्सिल बिच भगिनि सम्बन्ध स्थापना गर्ने सम्बन्धमा पूर्व निर्धारित कार्यक्रम अनुसार सहभागिताका लागि जानु हुने नगर प्रमुख श्री हरिकुमार राना तथा प्रमुख प्रशासकीय अधिकृत श्री पंकज भूर्तेलज्यूको मिति २०७६ आषाढ २९ गते देखि श्रावण ९ गते सम्मको भ्रमण स्वीकृत गर्ने।

२.अर्जुनधारा नगरपालिकाको खेतियोग्य जग्गा खण्डीकरण नियन्त्रण सम्बन्धमा प्राप्त प्रतिवेदन र खेतीयोग्य जग्गा खण्डिकरण नियन्त्रण कार्यविधि २०७६ स्वीकृत गरी औल्याइएका सुझावहरु कार्यन्वयन गर्ने।

३.वर्षाद्को समयमा उत्पन्न हुन सक्ने विपद् व्यवस्थापन तथा सो सम्बन्धमा आवश्यक पर्ने कार्यालयमा रहेका सामाग्रीहरुको परिचालनका लागि देहाय बमोजिमको एक कार्यदल गठन गर्ने:

| | |
|---|---|
| उप प्रमुख श्री कमला खतिवडा आचार्य | संयोजक |
| वडा अध्यक्ष श्री जीवकुमार भण्डारी | सदस्य |
| वडा अध्यक्ष श्री गजाधर खतिवडा | सदस्य |
| वडा अध्यक्ष श्री दुर्गाप्रसाद दाहाल | सदस्य |
| सहायक,जिन्सी शाखा,श्री राजविक्रम खड्का | सदस्य सचिव |

साथै,बिरिङ्ग नदिप्रणाली अन्तगर्तका पाँचथरे खोल्सी उत्तर (वडा नं १) टेकबहादुर रंगशाला (वडा नं १) लगायतका अन्य अति आवश्यक स्थानहरुमा प्रयोग गर्नका लागि जनताको तटबन्धनसँग ५०० थान तारजाली माग गर्ने र कार्यालयबाट समेत रु ५ लाख बराबरको २-१-१-१५*१५ हेभी कोटेड तारजाली खरिद गर्ने।

४.वडा नं २ र ६ को कार्यालय भवन निर्माण सम्बन्धमा प्राप्त भएको भवनको लगत स्टमेट तथा डिजाइन स्वीकृत गरी सम्झौता गर्न जिल्ला समन्वय समितिमा पठाउने।

५.वडा नं ६ मा निर्माणाधिन प्रवेशद्वार तथा नगरपालिका आन्तरिक आय ,वित्तीय समानिकरण एवं राजश्व बाँडफाँडबाट विनियोजन भई सम्पन्न हुन नसकेका वडा स्तरीय योजनाहरु क्रमागत योजनाको रुपमा आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने।

६.वडा नं ७ मा पर्ने रेडक्रस भवन अगाडिबाट उत्तर वडा नं ८ जाने सडकमा १२ ट्रिपर पुरुवा वडा नं ७र ८ का अध्यक्षज्यूहरुको संयुक्त अनुरोधमा लगाइएको हुँदा उक्त खर्चको प्रति ट्रिपर रु २५००/- का दर ले हुन आउने रकम रु ३० हजार मात्र उपलब्ध गराउने।

७.गएको माघ २० गते यस नगरपालिकामा भएको प्रदर्शनका क्रममा आन्दोलनकारीको ढुंगा लागि घाइते हुनु भएका नेपाल प्रहरीका जवान श्री टिकाराम खवासलाई औषधोपचार सहयोग बापत रु १७,५००/- (सत्र हजार पाँच सय मात्र) उपलब्ध गराउने।

८.यलम्बर टाइम्सलाई अर्जुनधारा नगरपालिकाको वार्षिक गतिविधि प्रकाशनका लागि रु ६०,०००/- (साठि हजार मात्र) उपलब्ध गराउने।

हरी कुमार राना नगर
नगर प्रमुख